घरपझोङ गाउँपालिकाद्वारा प्रकाशित

# घरपझोङ राजपत्र

खण्ड : ३ ) जोमसोम, असोज २७ गते, २०७९ साल (संख्या :८ )

भाग २

घरपझोङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालयको सूचना

## एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन (पहिलो संशोधन) निर्देशिका, २०७९

घरपझोङ गाउँपालिकाको एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७८ को दफा ७ बमोजिम कार्यापालिकाले देहायको संशोधन गरेको छ,

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन (पहिलो संशोधन) निर्देशिका, २०७९" रहेको छ ।

(२) यो निर्देशिका गाउँ कार्यपालिकाले पारित गरी स्थानीय राजपत्रमा प्रकाशन भएपछि तुरुन्त लागू हुनेछ।

२. निर्देशिकाको दफा ५ को उपदफा (५) पछि देहायको उपदफा ५क. थप गरिएको छ।

५क. मुस्ताङ जिल्लामा कार्यरत रहेका राष्ट्रसेवक कर्मचारीहरुका लागि सेवा शुल्क वापत तोकेको दररेटमा एम्बुलेन्स सेवामा २५ प्रतिशत छुट दिने ।

आज्ञाले

नामः गौरी प्रसाद आचार्य

प्रमुख प्रशासकीय अधिकृत

मितिः २०७९/०६/२७